प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

पदपूर्ति समिति, सानोठिमी, भक्तपुर ।

## कार्यक्षमताको आधारमा हुने बढुवा सम्बन्धी सूचना !

(प्रकाशन मितिः २०८१।०३।२८ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को प्राविधिक तथा प्रशिक्षण र प्रशासन तर्फका विभिन्न सेवा, समुह, उपसमुहमा रिक्त रहेका पदहरुमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम कार्यक्षमताको आधारमा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले परिषद्को सेवामा सम्बन्धित सेवा, समुह वा उपसमुहको सहायकस्तरको पदमा कम्तिमा ३ (तीन) वर्ष, सहायकस्तर प्रथम श्रेणीबाट अधिकृतस्तर तृतीय श्रेणीको निमित्त ५ (पाँच) वर्ष र अधिकृतस्तर द्वितीय र प्रथम श्रेणीको पदको निमित्त ५ (पाँच) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्मचारी सेवा, शर्त तथा सुविधा सम्वन्धी बिनियमावली, २०६९ (छैठौं संशोधन सहित) बमोजिम तोकिएको योग्यता पुगेका बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणीको मुनीको पदमा कार्यरत कर्मचारीहरुले मिति २०८१।०४।२७ गते सम्ममा अनलाइन दरखास्त फाराम भर्न आब्हान गरिन्छ । तोकिएको म्याद भित्र आवश्यक कागजात अपलोड नभएको र रित नपुगेका दरखास्त फाराम उपर कुनै कारवाही हुनेछैन । दरखास्त फाराम पेश गर्ने अन्तिम मिति २०८१।०४।२७ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, पेशागत व्यावसायिक परिषद दर्ता प्रमाणपत्र, सेवाकालिन तालीम, अनुभव र सेवा अवधि मान्य हुनेछैन ।

**अनलाईन दरखास्त फारामको साथमा निम्न लिखित कागजातहरुको स्पष्ट बुझिने scan copy अनलाईन मार्फत अपलोड गर्नुपर्नेछ ।**

१. दुवै तर्फको प्रष्ट बुझिने नेपाली नागरिकताको प्रमाणपत्र ।

२. विज्ञापित पद र श्रेणीका लागि आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।

३. पेशागत व्यावसायिक परिषद दर्ता प्रमाणपत्र आवश्यक हुने पदहरुको हकमा सम्बन्धित व्यवसायिक/ पेशागत परिषदमा नाम दर्ता भएको प्रमाणपत्र ।

४. विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालय वा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र ।

५. परिषद्को कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) को विनियम ३८(१) बमोजिम तोकिएको स्थायी सेवा अवधि पुरा भएको भनी सम्बन्धित कार्यालय/शिक्षालय प्रमुखले प्रमाणित गरेको सिफारिस पत्र ।

६. उम्मेदवारको दस्तखतको डिजिटल (jpg/jpeg/png) कपी अपलोड गरेको ।

७. दुवै कान देखिने हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ।

८. दरखास्त फाराम दस्तुर (क) अधिकृतस्तर प्रथम श्रेणीको लागि रु.२५००।, (ख) अधिकृतस्तर द्वितीय श्रेणीको लागि रु.२०००।, (ग) अधिकृतस्तर तृतीय श्रेणीको लागि रु.१२००।, (घ) सहायकस्तर प्रथम श्रेणीको लागि रु.७००। र (ङ) सहायकस्तर द्वितीय श्रेणीको लागि रु.५००। बुझाउनु पर्नेछ ।

९. दरखास्त पाराम दस्तुर भुक्तानीको लागि Connect IPS र Khalti App मार्फत् परिषद्को राष्ट्रिय बाणिज्य बैंक, सानोठिमी, भक्तपुरको CTEVT SANOTHIMI को नाममा रहेको खाता नंम्वर १७३०१००००००९००६ मा जम्मा गर्नुपर्नेछ ।

१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) को विनियम ३८(२) अनुसारका सम्भाव्य उम्मेदवार हुन नपाउने उम्मेद्वारहरुले दरखास्त फाराम पेश गर्न पाउने छैनन् ।

११. अनलाईन आवेदन फारामको लागि परिषद्को वेवसाइट https://www.ctevt.org.np को https://jobs.ctevt.org.np मा गई दरखास्त फाराम भर्नु पर्नेछ ।

१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन सहित) को बिनियम ४१(३) बमोजिम सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्यांकन आ.ब. ०७९/८० सम्म (२०८० साल आषाढ मसान्तसम्म) को गणना गरिनेछ ।अन्य अंकको गणना गर्दा बढुवाको दरखास्त फाराम दिने अन्तिम म्याद मिति २०८१।०४।२७ सम्म हासिल गरेको अंक गणना गरिनेछ ।

**१३. दरखास्त फारामका साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

सेवा प्रवेशको शुरु स्थायी नियुक्ति, सरुवा, काज र बढुवाका कागजातहरु, शैक्षिक योग्यता र सेवाकालिन तालीमका प्रमाणपत्रहरु आफैद्वारा प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ । उल्लेखित कागजात नभएका, रित नपुगेका र म्याद नाघी आएका बढुवा दरखास्त फाराम उपर कुनै कारवाही हुनेछैन ।

१४. एकभन्दा बढी विज्ञापनमा दरखास्त फाराम बुझाउने उम्मेदवारहरुले प्रत्येक विज्ञापनको छुट्टाछुट्टै दरखास्त फाराम भरी उक्त विज्ञापनका लागि तोकिएको छुट्टाछुट्टै दस्तुर र आवश्यक कागजात संलग्न गर्नु पर्नेछ ।

१५. रित नपुगेको दरखास्त फाराम जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।

१६. झुठो बिवरण र कागजात पेश भएको दरखास्त फाराम जुनसुकै बखत रद्द गरी कानून बमोजिम कारवाही गरिनेछ ।

१७. यस सूचनामा उल्लेख नभएका बिषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावली २०६९ (छैठौं संशोधन सहित) र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

१८. विस्तृत जानकारी परिषद्को वेभसाइट https://www.ctevt.org.np मा हेर्न सकिनेछ ।

२. कार्यक्षमताको आधारमा हुने बढुवाका पदहरु:

स्तरः अधिकृत श्रेणीः प्रथम सेवाः प्रशासन

| विज्ञापन नं. | पदनाम | माग पद संख्या | समुह | उपसमुह |
|---|---|---|---|---|
| ३९/०८०-०८१ | सह प्रशासक | २ (दुई) | | |

स्तरः अधिकृत श्रेणीः प्रथम सेवाः प्राविधिक तथा प्रशिक्षण

| विज्ञापन नं. | पदनाम | माग पद संख्या | समुह | उपसमुह |
|---|---|---|---|---|
| ४०/०८०-०८१ | मुख्य प्रशिक्षक | ४ (चार) | | |

: अधिकृत श्रेणीः द्वितीय सेवाः प्राविधिक तथा प्रशिक्षण

| विज्ञापन नं. | पदनाम | माग पद संख्या | समुह | उपसमुह |
|---|---|---|---|---|
| ४१/०८०-०८१ | बरिष्ठ प्रशिक्षक | ४ (चार) | | |
| ४२/०८०-०८१ | बरिष्ठ कृषि प्रशिक्षक | १ (एक) | कृषि तथा भेटेरेनरी | कृषि |
| ४३/०८०-०८१ | बरिष्ठ निर्माण प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | सिभिल |
| ४४/०८०-०८१ | बरिष्ठ मेकानिकल प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | जनरल मेकानिकल |

स्तरः सहायक श्रेणीः प्रथम सेवाः प्रशासन

| विज्ञापन नं. | पदनाम | माग पद संख्या | समुह | उपसमुह |
|---|---|---|---|---|
| ४५/०८०-०८१ | प्रशासकीय सहायक | ५ (पाँच) | सामान्य प्रशासन | |
| ४६/०८०-०८१ | लेखापाल | ४ (चार) | लेखा | |

स्तरः सहायक श्रेणीः प्रथम सेवाः प्राविधिक तथा प्रशिक्षण

| विज्ञापन नं. | पदनाम | माग पद संख्या | समुह | उपसमुह |
|---|---|---|---|---|
| ४७/०८०-०८१ | कृषि सहायक प्रशिक्षक (बाली विज्ञान) | २ (दुई) | कृषि तथा भेटेरेनरी | कृषि |
| ४८/०८०-०८१ | निर्माण सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | सिभिल |
| ४९/०८०-०८१ | स्वास्थ्य सहायक प्रशिक्षक साधारण | १ (एक) | स्वास्थ्य | सामान्य चिकित्सा |
| ५०/०८०-०८१ | बिधुत सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | इलेक्ट्रिकल |
| ५१/०८०-०८१ | मेकानिकल सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | जनरल मेकानिकल |
| ५२/०८०-०८१ | इलोक्ट्रोनिक्स सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | इलोक्ट्रोनिक्स |
| ५३/०८०-०८१ | स्यानिटरी/प्लम्विङ्ग सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | स्यानिटरी/प्लम्विङ्ग |
| ५४/०८०-०८१ | अटोमोवाइल सहायक प्रशिक्षक | १ (एक) | इन्जिनियरिङ्ग | अटोमोवाइल |
| ५५/०८०-०८१ | ट्राभल्स टेकिङ्ग सहायक प्रशिक्षक | १ (एक) | पर्यटन | ट्राभल्स ट्रेकिङ्ग |

पदपूर्ति समिति